**दोगडाकेदार गाउँपालिका**
बैतडी, सुदूरपश्चिम प्रदेश, नेपाल

# दोगडाकेदार गाउँपालिकाको राजपत्र

**दोगडाकेदार गाउँपालिकाबाट प्रकाशित**

**खण्डः ६ संख्याः २ सम्बत् २०७९ असार १५ गते**

## भाग-१

## दोगडाकेदार गाउँपालिका

## विनियोजन ऐन, २०७९

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम दोगडाकेदार गाउँपालिकाको गाउँसभाले आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न **विनियोजन ऐन, २०७८** स्वीकृत गरि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ ।

दोगडाकेदार गाउँपालिका, बैतडी

# दोगडाकेदार गाउँपालिका

# विनियोजन ऐन, २०७९

गाउँसभाबाट स्वीकृत मिति : २०७९।०३।१४
परमाणिकरण मिति : २०७९।०३।१५

प्रस्तावना : दोगडाकेदार गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम दोगडाकेदार गाउँपालिकाको दोस्रो स्थानीय तह सदस्य निर्वाचन पछिको पहिलो गाउँ सभाको अधिबेशनमा पेश भएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस विधेयकको नाम दोगडाकेदार गाउँपालिकाको विनियोजन विधेयक, २०७९ रहेको छ ।

२. आर्थिक बर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०७९/०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसुचि १ मा उल्लिखित चालु खर्च, पुँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ६४,६२,८२,०००।- (अक्षेरुपी चौसठ्ठी करोड बासठ्ठी लाख बयासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त दोगडाकेदार गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थापनको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकम को २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची - १
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | गाउँ कार्यपालिका | ४९,५४,५० | ७,७२,८२ | ० | ५७,२७,३२ |
| २ | | वडा समिति | २४,०० | ० | ० | २४,०० |
| ३ | | बिषयगत शाखा | ५,१२,५१.८७५ | १,९८,९८.१२५ | ० | ७,११,५० |
| ४ | | ऋणको साँवा भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी(शेयर/ऋण) | ० | ० | ० | ० |
| | | **कुल जम्मा** | **५४,९१,०१.८७५** | **९,७१,८०.१२५** | **०** | **६४,६२,८२** |

दोगडाकेदार गाउँपालिका, बैतडी

अनुसूची - २

**राजस्व तथा अनुदान प्राप्ति प्रक्षेपण**

(आ.व. २०७९/०८०)

रु. हजारमा

| राजश्व शीर्षक | आय शीर्षक | गत आ.व. २०७७/०७८ | चालु आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० को अनुमान |
|---|---|---|---|---|
| **राजश्व :** | | **८,८८,१८.६९** | **८,९७,०६** | **१०,२५,९०** |
| आन्तरिक राजश्व : | | ९६,३० | १,००,०० | ६०,०० |
| राजश्व बाँडफाँडबाट प्राप्त आय : | | ७,९१,८८.६९ | ७,९७,०६ | ९,६५,९० |
| संघीय सरकार | | ७,७५,४६.६९ | ७,८०,०० | ९,४६,०० |
| प्रदेश सरकार | | १६,४२ | १७,०६ | १९,९० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण :** | | **३७,५४,२६** | **३७,०७,९२** | **४०,३६,९२** |
| संघीय सरकार : | | ३४,९०,०० | ३५,२४,०० | ३८,९०,०० |
| १३३११ | समानिकरण अनुदान | ९,७३,०० | १०,२१,०० | १०,९१,०० |
| १३३१२ | शसर्त अनुदान चालु | २२,००,०० | २२,०१,०० | २४,१४,०० |
| १३३१३ | शसर्त अनुदान पूँजिगत | ६५,०० | १,००,०० | १,४५,०० |
| १३३१४ | विशेष अनुदान चालु | ० | ४२,०० | ७०,०० |
| १३३१५ | विशेष अनुदान पूँजिगत | १,००,०० | ८३,०० | ७०,०० |
| १३३१६ | समपुरक अनुदान | १,५२,०० | ७७,०० | १,००,०० |
| सुदुरपश्चिम प्रदेश सरकार : | | २,६४,२६ | १,८३,९२ | १,४६,९२ |
| १३३११ | समानीकरण अनुदान | ६७,४७ | ७१,१५ | ७४,९२ |
| १३३१२ | शसर्त अनुदान चालु | ० | ० | ० |
| १३३१३ | विशेष अनुदान | ५४,०० | ३०,०० | २५,०० |
| १३३१४ | समपुरक अनुदान | १,४२,७९ | ८२,७७ | ४७,०० |

| | | | | |
|---|---|---|---|---|
| **सामाजिक सुरक्षा भत्ता** | | **९,००,००** | **१२,००,००** | **१४,००,००** |
| **अन्य आय :** | | **०** | **०** | **०** |
| **जनसहभागिता :** | | **०** | **०** | **०** |
| | नगद सहभागिता | ० | ० | ० |
| | श्रम तथा बस्तुगत सहायता | ० | ० | ० |
| **राजश्व तथा अनुदान प्राप्ति जम्मा** | | **५५,४२,४४.६९** | **५८,०४,९८** | **६४,६२,८२** |

दोगडाकेदार गाउँपालिका, बैतडी

अनुसूची - ३

## व्यय प्रक्षेपण

आ.व. २०७९/०८०

रु. हजारमा

| व्यय शीर्षक नं. | व्यय शीर्षक | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० को अनुमान |
|---|---|---|---|---|
| **चालु खर्च :** | | **४५,७१,८६.६९** | **४६,०९,९८** | **५४,९१,०१.८७५** |
| २१००० | परिश्रमिक/सुविधा | २९,५०,९३.८८ | २९,९०,२७.८८ | ३५,०६,०१.८७५ |
| २२००० | मालसमान तथा सेवा उपयोग | ५,१३,०० | ३,४९,७०.१२ | ४,३५,०० |
| २४००० | व्याज, सेवा शुल्क तथा बैंक कमिसन | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | ९,००,०० | १२,००,०० | १४,००,०० |
| ३२००० | समपुरक कोष | २,०७,९२.८१ | ७०,०० | १,५०,०० |
| **पुँजिगत खर्च :** | | **९,७०,५८** | **११,९५,००** | **९,७१,८०.१२५** |
| ३११५० | सार्वजनिक निर्माण | ८,९५,५८ | १०,५५,०० | ९,११,८०.१२५ |
| ३१००० | गैर वित्तिय पुंजीगत खर्च | ७५,०० | १,४०,०० | ६०,०० |
| **कुल जम्मा** | | **५५,४२,४४.६९** | **५८,०४,९८** | **६४,६२,८२** |

दोगडाकेदार गाउँपालिका, बैतडी